**मिति २०८१।०१।१३ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को १५ औं नगर कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं.१** गैंडाकोट नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्बर्धन कार्यविधि, २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२** गैंडाकोट नगर क्षेत्र भित्रका स्थानीय उपभोक्ता (उपभोक्ता समिति, व्यक्ति र सार्वजनिक संस्था) लाई गैंडाकोट नगरपालिका वडा नं. ७ को खलेचौर क्षेत्रबाट प्रदेश सरकारले तोकेको रोयल्टी रु. ९.९० (प्रति घ.फि) नियमानुसार मूल्य अभिवृद्धी कर, अग्रिम आयकर थप गरी सहुलियत दरमा नदिजन्य पदार्थ लोडिङ शुल्क स्वयंले व्यहोर्ने गरी उपलब्ध गराउन माग संकलन गर्ने र संकलित मागको आधारमा नदिजन्य पदार्थ उत्खनन तथा संकलनमा प्रयोग हुन सक्ने हेभी ईक्युप्मेंट भाडामा लिने तथा सो कार्यलाई सहजीकरण गर्न मिति २०८०/१२/०२ को नगर कार्यपालिका बैठकबाट गठित निर्देशक समितिले आवश्यक निकायमा समन्वय र सहजीकरण गरी प्रचलित कानुन बमोजिम विक्री प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३** नगरपालिकाले प्रदान गर्ने सेवामा गुणस्तरीयता मापन गर्न नगरपालिका र Sharecast Data Initiative विच सम्झौता भई तयार गरिएको नागरिक सन्तुष्टि सर्वेक्षण प्रतिवेदन Sharecast Data Initiative द्वारा प्रस्तुत गरियो ।

**निर्णय नं. ४** नगर भित्रका शैक्षिक गतिविधि नियमन, नियन्त्रण, सुझाव तथा सहजीकरणका लागि देहायका पदाधिकारी रहने गरी नगर स्तरीय एक "विद्यालय शिक्षा संरचना व्यवस्थापन तथा शैक्षिक सुधार सुझाव कार्यदल" गठन गर्ने निर्णय गरियो ।

१) डा. बालकृष्ण चापागाईं - नगर शिक्षा अधिकारी - संयोजक
२) श्री डोलराज पाण्डे वडा नं. -५ - सदस्य
३) श्री केशव सापकोटा वडा नं. - ८ - सदस्य
४) श्री गोपाल भण्डारी वडा नं. - २ - सदस्य
५) श्री गोविन्द प्रसाद सुवेदी वडाध्यक्ष वडा नं. ११ - सदस्य

**निर्णय नं. ५** गैंडाकोट नगरपालिका स्थित जयश्री खोलामा तटबन्धनका क्रममा निस्केको माटो सोही स्थानमा प्रयोग गरी बाँकी रहने माटोले उक्त स्थानमा जोखिम उत्पन्न हुनसक्ने भएकाले यसै नगरपालिकाको क्षेत्रिय रंगशालाको आवश्यक पर्ने स्थानमा जमिन पुर्ने कार्यका लागि गण्डकी प्रदेश सरकारले तोके बमोजिम रोयल्टी शुल्क लिई प्रयोग गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिकाको वडा नं. ३ र १८ को जमिन सिंचाईका लागि लिफ्टिंग सिंचाई एकमात्र बिकल्प रहेकाले ढोडेनी लिफ्टिंग सिंचाई वडा नं. ३ र दमार लिफ्टिंग सिंचाई वडा नं. १८ आयोजना निर्माण गर्न प्रदेश एवं संघिय सरकार लगायत विभिन्न निकायहरुमा बजेट मागका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकामा विभिन्न मितिमा भुक्तानी/आर्थिक सहयोग माग भई आएका देहाय बमोजिमका संघ/संस्थाहरु लाई तपसिल अनुसारको आन्तरिक श्रोतबाट भुक्तानी दिने निर्णय गरियो ।

१. वडा नं. १६ बेल्डिहा खोला क्षेत्रमा सार्वजनिक जग्गा छुट्याउनका लागि - १ लाख २५ हजार
२. माझि मुसहर समुदायका युवाहरुलाई नेचर गाइड तालिम संचालन गर्न - ४० हजार
३. गैंडाकोट, ११ मा रहेको कुमारवर्ती आधारभूत विद्यालयको कार्यालय व्यवस्थापनका लागि - २ लाख
४. गैंडाकोट स्पोर्टस द्वारा आयोजित नवलपुर प्रिमियर लिग - १ लाख ५० हजार

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

मनुज भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

५. गैंडाकोट खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यालय व्यवस्थापनका लागि - १ लाख

६. सिस्ने आधुनिक कृषक समूह गैंडाकोट,१० का लागि बोरिंग संचालन गर्न - १ लाख २५ हजार

७. बासको सामग्री उत्पादन लघु उद्यम महिला समूह गैंडाकोट, ०३ लाई भवन निर्माण - २ लाख

८. सक्रिय महिला दुना टपरी समुह भवन निर्माण - २ लाख

९. वडा नं. १२ का मृगौला पिडित श्री सिता देवी गौतमको औषधि उपचारका लागि - रु. ५० हजार

**निर्णय नं. ८** वडा नं. १ को वडा कार्यालय भवनको भल व्यवस्थापनका लागि लागत इष्टिमेट बमोजिम कार्यसम्पादन गर्न आवश्यक नपुग रकम नगरपालिकाको विपद्कोष बाट थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** नगर स्तरीय खेलकुद संघ/संस्था/क्लब दर्ता तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ ,अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय न. १०** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | **साविकको योजना** | **रकम** | **परिवर्तित योजना शिर्षक** | **रकमान्तर योजना रकम** |
|---|---|---|---|---|
| १४ | महालक्ष्मी महिला समुह भवन (पूर्वाधार विकास समिति अन्तर्गत ) | रु.१०,००,०००/- | महालक्ष्मी महिला सहकारी भवनको अगाडिको सडक निर्माण वडा नं. १४ | रु. ५,००,०००/- |
| | | | ॐ शान्तिको भवन निर्माण वडा नं. १५ | रु. ५,००,०००/- |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

मदन भक्त अधिकारी
नगर प्रमुख